हकप्रद शेयरको बिक्री खुल्ला अवधि :
निष्काशन खुल्ला मिति :
२०७६/०५/१२ गते
निष्काशन बन्द हुने मिति :
२०७४/०६/१५ गते (बैकिङ्ग समय पश्चात)

प्रति शेयर रु. १००/-अंकित दरका ६१,२९,५२०.२५ कित्ता हकप्रद साधारण शेयर निष्काशन

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम कारोवार गर्ने

मुक्तिनाथ विकास बैंक लिमिटेड
Muktinath Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)
वडा नं.: २८, काठमाण्डौं प्लाजा, कमलादी, काठमाण्डौ, नेपाल ।
फोन नं. : ४१६८६८५, ४१६८६८६, फ्याक्स नं. : ४१६८६८४
E-mail: info@muktinathbank.com.np, URL: www.muktinathbank.com.np

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

संस्थापक ☐

सर्वसाधारण ☐

को

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

मार्फत:

VIBOR भिबोर क्यापिटल लि. VIBOR CAPITAL LTD.

भिबोर क्यापिटल लिमिटेड

ट्रेड टावर, थापाथली, काठमाण्डौ, फोन नं. ०१ ५१११५९, ०१ ५१११७२
Website:www.viborcapital.com, E-mail: info@viborcapital.com

सि.नं. :

कोड नं.:

शेयरधनी नं./परिचय नं.

श्री संचालक समिति,
मुक्तिनाथ विकास बैंक लिमिटेड
काठमाडौं प्लाजा, काठमाडौं, नेपाल ।

हितग्राही खाता नं.	DP ID	
	Client ID	

महाशय,

त्यस बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७६/०४/३० गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस बैंकको जम्मा (भौतिक/अभौतिक)..........................कित्ता शेयर कायम रहेको र सो शेयरको शत् प्रतिशत रकम चुक्ता भैसकेको हुँदा कम्पनीले जारी गरेको दश शेयर बराबर दुई शेयर (१० : २) को अनुपातमा ....कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा............................कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक).....................कित्ता गरि जम्मा......................कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.
प्रति शेयर रु. १००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७६/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक					
	In English	Mr./Mrs./ Miss/Minor					
ठेगाना	घर नं./वडा नं.		टोल		गा.पा./न.पा.		जिल्ला
Address	House No./Ward No.		Tole		RM/Municipality		District
सम्पर्क ठेगाना							
PAN No.			Phone No.		Mobile No.		
ना.प्र.प.नं./जारी स्थान			Email ID				
बाबुको नाम							
Father's Name							
बाजेको नाम							
Grandfather's Name							
पति/पत्नीको नाम							
संरक्षकको नाम (नाबालक भएमा)							
Guardian's Name (Incase of Minor)							

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फाराममा खुलाईको विवरण साँचो हो । झुठा ठहरिएमा प्रचलित कानुन बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टव्य :

१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client ID दुवै उल्लेख गर्नुपर्नेछ ।
३. रित पुर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँटमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा फारम स्वत: रद्द हुनेछ ।
४. आफ्नो हक हस्तान्तरण, (renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि ११ को ढाँचा बमोजिमको निवेदन रितपूर्वक भरि हक हस्तान्तरण गरिदिनेको दस्तखत बैंकको शेयर रजिष्ट्रार श्री भिबोर क्यापिटल लिमिटेडबाट प्रमाणिकरण गराई उक्त निवेदन, हकप्रद शेयर दरखास्त फाराम तथा चुक्ता रकमको १ (एक) प्रतिशत शुल्क बुझाएको रसिद समेत संलग्न गरी श्री भिबोर क्यापिटल लिमिटेड, ट्रेड टावर, थापाथली, काठमाडौंमा बुझाउनु पर्नेछ ।
५. यस दरखास्त फाराममा माग गरिएका सम्पूर्ण विवरणहरु पूर्ण रुपले नेपाली तथा अंग्रेजी दुवै भाषामा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्कालें भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत:

VIBOR भिबोर क्यापिटल लि. VIBOR CAPITAL LTD.

भिबोर क्यापिटल लिमिटेड

ट्रेड टावर, थापाथली, काठमाण्डौ, फोन नं. ०१ ५१११५९, ०१ ५१११७२
Website:www.viborcapital.com, E-mail: info@viborcapital.com

हकप्रद शेयर खरिद रसिद

दरखास्तवालाले भर्नुपर्ने

सि.नं.:

शेयरधनी नं./परिचय नं.

Shareholder's Name				
Company's Name	M U K T I N A T H B I K A S B A N K L I M I T E D			
No. of Shares Applied		Call Money per Share	Rs. 100	Amount Deposited (Rs)
Amount in Words				

चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

For Official Use Only:

Received by:

Date :

Stamp

Code No.

DP ID

Client ID

....
निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

मुक्तिनाथ विकास बैंक लिमिटेड

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७६/०३/३०

क) संगठित संस्थाको नाम :

मुक्तिनाथ विकास बैंक लिमिटेड **(MUKTINATH BIKAS BANK LTD.)**

ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती अञ्चल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.२८, काठमाण्डौं प्लाजा, कामलादी, काठमाण्डौमा रहेको छ ।

ग) कारोबार स्थान :

यस विकास बैंकको स्तरोन्ती भई राष्ट्रिय स्तरको विकास बैकमा परिणत भई नेपाल अधिराज्यभर कार्यक्षेत्र विस्तार भएको छ । हाल यस बैंकको केन्द्रीय कार्यालय बागमती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.२८, काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौमा रहेकोछ । यस विकास बैंकले हाल नेपाल अधिराज्यभर जम्मा १११ वटा देहायका शाखा कार्यालयहरु र २ वटा एक्सटेन्सन काउन्टर मार्फत बैंकिङ्ग तथा लघुवित्त सेवाहरु दिंदै आएको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य जिल्ला/क्षेत्रहरुमा समेत शाखा कार्यालय खोलि कारोवार गर्न सकिनेछ ।

क्र.सं.	कार्यालय	ठेगाना	जिल्ला
१	शाखा कार्यालय पोखरा	पोखरा-९, पृथ्वीचोक	कास्की
२	शाखा कार्यालय स्याङजा	पुतलीबजार-१, स्याङजा	स्याङजा
३	शाखा कार्यालय वालिङ	वालिङ-३, वालिङ मोड,	स्याङजा
४	शाखा कार्यालय गल्याङ	जगत्रदेवि-८, गल्याङ,	स्याङजा
५.	शाखा कार्यालय गगनगौंडा	लेखनाथ-१२, गगनगौंडा	कास्की
६.	शाखा कार्यालय बयरघारी	दहथुम गा.वि.स-९,स्याङजा	स्याङजा
७.	शाखा कार्यालय दमौली	व्यास न.पा-२ सफा सडक	दमौली
८.	शाखा कार्यालय बैदाम	पोखरा उप.म.न.पा -६ बैदाम,	कास्की
९.	शाखा कार्यालय भिमाद	भिमाद गा.वि.स-१, भिमाद	तनहुँ
१०.	शाखा कार्यालय डुम्रे	बन्दिपुर गा.वि.स-१, डुम्रे	तनहुँ
११.	शाखा कार्यालय हरिचोक	पोखरा उप.म.न.पा-२, हरिचोक	कास्की
१२.	शाखा कार्यालय दुलेगौंडा	दुलेगौंडा गाविस-७, दुलेगौंडा	तनहुँ
१३.	शाखा कार्यालय नयाँपुल	सल्यान गा.वि.स-९,कास्की	कास्की
१४.	शाखा कार्यालय नारायणगढ	भरतपुर न.पा-३ शहिद चोक	चितवन
१५.	शाखा कार्यालय बाग्लुङ्ग	बाग्लुङ्ग न.पा-२ लोकतन्त्र चोक	बाग्लुङ्ग
१६.	शाखा कार्यालय बुटवल	बुटवल न.पा-८ ट्राफिकचोक	रुपन्देही
१७..	शाखा कार्यालय चापाकोट	चापाकोट गा.वि.स-६ सून्तलीटार	स्याङ्गजा
१८.	शाखा कार्यालय कार्किनेटा	कार्किनेटा गा.वि.स–४,पर्वत	पर्वत
१९.	शाखा कार्यालय चिप्लेढुङ्गा	पोखरा उप.म.न.पा -९ चिप्लेढुङ्गा	कास्की
२०.	शाखा कार्यालय भैरहवा	सिद्धार्थनगर न.पा -६ गल्लामण्डी	रुपन्देही
२१.	शाखा कार्यालय छोरेपाटन	पोखरा उप.म.न.पा- १७	कास्की
२२.	शाखा कार्यालय हेमजा	पोखरा उप.म.न.पा-२७	कास्की
२३.	शाखा कार्यालय बुढिबजार	लेखनाथ नगरपालिका-०३	कास्की
२४.	शाखा कार्यालय तानसेन पाल्पा	तानसेन न.पा- ०३	पाल्पा
२५.	शाखा कार्यालय काहुखोला	पोखरा उप.म.न.पा- १३	कास्की
२६.	शाखा कार्यालय धादिङ्गवेशी	निलकण्ठ ३ धादिङ्ग वेसी	धादिङ्ग
२७.	शाखा कार्यालय आरुघाट	आरुघाट -८, धादिङ्ग	धादिङ्ग
२८.	शाखा कार्यालय महाराजगञ्ज	का.म.न.पा. , ३ महाराजगञ्ज	काठमाण्डौ
२९	शाखा कार्यालय गल्छी बजार	बैरेनि -८ गल्छी	धादिङ्ग
३०	शाखा कार्यालय ओखलढुङ्गा	सिद्धिचरण न.पा.- ५	ओखलढुङ्गा
३१	शाखा कार्यालय विरगंज	विरगञ्ज उपमहानगरपालिका-१०, लिंकरोड	पर्सा
३२	शाखा कार्यालय कमलादी	काठमाण्डौ महानगरपालिका -३१, कमलादी	काठमाण्डौ
३३	शाखा कार्यालय भुमही	रामनगर -१, भुमही	नवलपरासी
३४	शाखा कार्यालय हेटौडा	हेटौंडा उपमहानगरपालिका-१०, मेनरोड	मकवानपुर
३५	शाखा कार्यालय सितापाइला	नागार्जुन न.पा.-४, सितापाइला काठमाण्डौ	काठमाण्डौ
३६	शाखा कार्यालय दलदले	देवचुली न.पा. १४, दलदले	नवलपरासी
३७	शाखा कार्यालय मनहरी	मनहरी गाउँपालिका वडा नं. ८	मकवानपुर
३८	शाखा कार्यालय पार्वतिपुर	पार्वतिपुर गा.वि.स.-५,	चितवन
३९	शाखा कार्यालय खोर्लेसिमल	जुटपानी गा.वि.स.-१, चितवन	चितवन
४०	शाखा कार्यालय गोपिगंज	जमुनिया गा.वि.स.-४,	नवलपरासी
४१	शाखा कार्यालय गिरुवारी	देउराली गा.वि.स.-४,	नवलपरासी
४२	शाखा कार्यालय हरैया	रुद्रपुर गा.वि.स.-६, रुपन्देही	रुपन्देही
४३	शाखा कार्यालय सरई	कसेनी गा.वि.स.-७, पाल्पा	पाल्पा
४४	शाखा कार्यालय बेनिघाट	बेनिघाट गा.वि.स.-८	धादिङ्ग
४५	शाखा कार्यालय धार्के	नौबिसे गा.वि.स. १, धार्के	धादिङ्ग
४६	शाखा कार्यालय रामपुर	बरुणेश्वर गा.वि.स. ३, रामपुर	ओखलढुङ्गा
४७	शाखा कार्यालय आदमघाट	पिडा -१, आदमघाट	धादिङ्ग
४८	शाखा कार्यालय रामापुर	सैनामैना न.पा. ६	रुपन्देही
४९	शाखा कार्यालय पर्सा	खैरहनी न.पा. ८, नयाँ पर्सा	चितवन
५०	शाखा कार्यालय थारमारे	बागचौर न.पा.२, थारमारे	सल्यान
५१	शाखा कार्यालय श्रीनगर	शारदा न.पा. १, श्रीनगर	सल्यान
५२	शाखा कार्यालय लुहाम	त्रिवेणी ७, लुहाम ,सल्यान	सल्यान
५३	शाखा कार्यालय कटारी	कटारी न.पा. वडा नं.१,कटारी	उदयपुर
५४	शाखा कार्यालय तुल्सीपुर	तुल्सीपुर उ.म.न.पा. ५, क लाईन तुल्सीपुर	दाङ्ग
५५	शाखा कार्यालय मानेभञ्ज्याङ्ग शाखा	रामप्रसाद राई गाउँपालिका ५,	ओखलढुङ्गा
५६	शाखा कार्यालय नयाँ वानेश्वर	का.म.न.पा.१०, नयाँ वानेश्वर	काठमाण्डौ
५७	शाखा कार्यालय न्यूरोड	का.म.न.पा.१०, न्यूरोड	काठमाण्डौ
५८	शाखा कार्यालय चावहिल	का.म.न.पा.७, चावहिल	काठमाण्डौ
५९	शाखा कार्यालय कुलेश्वर	का.म.न.पा. १४, कुलेश्वर	काठमाण्डौ
६०	शाखा कार्यालय विराटनगर	विराटनगर उ.म.न.पा. १४	विराटनगर
६१	शाखा कार्यालय नेपालगञ्ज	नेपालगञ्ज उ.म.न.पा. १, धम्बुजी	बाँके
६२	शाखा कार्यालय कमलविनायक	भक्तपुर न.पा. १०, कमलविनायक	भक्तपुर
६३	शाखा कार्यालय लगनखेल	ललितपुर उप म.न.पा वडा नं. ५, लगनखेल	ललितपुर
६४	शाखा कार्यालय कोटीहवा	तिलोत्तमा नगरपालिका वडा नं. १५,	रुपन्देही
६५	शाखा कार्यालय विरुवा	विरुवाअर्चले–६, स्याङजा	स्याङजा
६६	शाखा कार्यालय फेदीखोला	फेदीखोला–२, स्याङजा	स्याङजा
६७	शाखा कार्यालय जुग्ले	सेतीदोभान–२, स्याङजा	स्याङजा
६८	शाखा कार्यालय अर्जुन चौपारी	अर्जुनचौपारी–५, स्याङजा	स्याङजा
६९	शाखा कार्यालय मिर्मि	श्रीकृष्णगण्डकी–९, स्याङजा	स्याङजा
७०	शाखा कार्यालय ड्राइभरटोल	तिलोत्तमा नगरपालिका वडा नं. १५, कोटीहवा	रुपन्देही
७१	शाखा कार्यालय जनकपुर	जनकपुर उप म.न.पा. वडा नं. २, धनुषामा	धनुषा
७२	शाखा कार्यालय उर्लावारी	उर्लावारी न.पा. वडा नं. ७	मोरङ्ग
७३	शाखा कार्यालय लहान	लहान न.पा. वडा नं. ३	सिराहा
७४	शाखा कार्यालय गोलबजार	गोलबजार न.पा. वडा नं. ६	सिराहा
७५	शाखा कार्यालय विर्तामोड	बिर्तामोड न.पा. वडा नं. ४	झापा
७६	शाखा कार्यालय माछापोखरी	का.म.न.पा. वडा नं. १६	काठमाण्डौ
७७	शाखा कार्यालय कोटेश्वर	का.म.न.पा. वडा नं. ३२	काठमाण्डौ
७८	शाखा कार्यालय इटहरी	इटहरी उ.म.न.पा. वडा नं.१	सुनसरी
७९	शाखा कार्यालय इनरुवा	इनरुवा न.पा. वडा नं. १	सुनसरी
८०	शाखा कार्यालय धरान	धरान उ.म.न.पा. वडा नं. ९	सुनसरी
८१	शाखा कार्यालय दमक	दमक न.पा. वडा नं. ५	झापा
८२	शाखा कार्यालय लालबन्दी	लालबन्दी न.पा वडा नं. ७	सर्लाही
८३	शाखा कार्यालय मिर्चैया	मिर्चैया न.पा. वडा नं. २	सिराहा
८४	शाखा कार्यालय धनगढी	धनगढी उप म.न.पा.वडा नं. ४	कैलाली
८५	शाखा कार्यालय जोरपाटी	गोकर्णेश्वर न.पा. वडा नं. ५	काठमाण्डौ
८६	शाखा कार्यालय ठमेल	का.म.न.पा. वडा नं. १६	काठमाण्डौ
८७	शाखा कार्यालय चन्द्रपुर	चन्द्रपुर न.पा. वडा नं. ४	रौतहट
८८	शाखा कार्यालय कमलामाई	कमलामाई न.पा. वडा नं. ६	सिन्धुली
८९	शाखा कार्यालय बर्दिवास	बर्दिवास न.पा. वडा नं. १	महोत्तरी
९०	शाखा कार्यालय डेढगाउँ	बौदिकाली गाउँपालिका वडा नं. २,	नवलपरासी
९१	शाखा कार्यालय ताहुँ	रम्भा गाउँपालिका वडा नं. ५,	पाल्पा
९२	शाखा कार्यालय रिडी	रुरु गाउँपालिका वडा नं. १,	गुल्मी
९३	शाखा कार्यालयसल्यानटार	त्रिपुरासुन्दरी गा.पा. वडा नं. २, सल्यानटार,	धादिङ्ग
९४	शाखा कार्यालय कुश्मा	कुश्मा न.पा. ४, कुश्मा पर्वत	पर्वत
९५	शाखा कार्यालय अमरसिंह	पोखरा म.न.पा. १० अमरसिंह चोक	कास्की
९६	शाखा कार्यालय बिरेन्द्रनगर	बिरेन्द्रनगर न.पा.वडा नं. ६	सुर्खेत
९७	शाखा कार्यालय जिरो कि. मि.	पोखरा म.न.पा. ५ जिरो कि. मि	कास्की
९८	शाखा कार्यालय कुपण्डोल	ललितपुर म.न.पा. १०	ललितपुर
९९	शाखा कार्यालय तम्घास	रेसुङ्गा नगरपालिका वडा नं. १	गुल्मी
१००	शाखा कार्यालय महेन्द्रनगर	महेन्द्रनगर न.पा. ४	कन्चनपुर
१०१	शाखा कार्यालय भैसेपाटी	ललितपुर म.न.पा. २५	ललितपुर
१०२	शाखा कार्यालय हाकिमचोक	भरतपुर म.न.पा. १०	चितवन
१०३	शाखा कार्यालय गुलेरिया	गुलेरिया न.पा. ६	बर्दिया
१०४	शाखा कार्यालय घोराही	घोराही उ.म.न.पा. १५	दाङ्ग
१०५	शाखा कार्यालय गोर्खा	गोर्खा न.पा. ६	गोर्खा
१०६	शाखा कार्यालय इमाडोल	महालक्ष्मी न.पा. १	ललितपुर
१०७	शाखा कार्यालय बेनी	बेनी न. पा.८	बेनी
१०८	शाखा कार्यालय बत्तिस पुतली	का.म.न.पा. ९	काठमाण्डौ
१०९	शाखा कार्यालय ढुङ्गेअड्डा	चन्द्रागिरी न.पा. १५	काठमाण्डौ
११०	शाखा कार्यालय ठिमी	मध्यपुर ठिमी न.पा. ४	भक्तपुर
१११	शाखा कार्यालय बनेपा	बनेपा न.पा. ७	काभ्रे

एक्सटेन्सन काउन्टर कार्यालयहरु :

क्र.स.	कार्यालय	ठेगाना	जिल्ला
१	एक्सटेन्सन काउन्टर पुछार बजार,	निलकण्ठ न.पा. -३,पुछार बजार	धादिङ्ग
२	एक्सटेन्सन काउन्टर पो.म.न.पा को कार्यालय	पो.म.न.पा- ८,	कास्की

घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

मुक्तिनाथ विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/१२/२२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६३/९/१८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी, मिति २०६३/९/१९देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यसका संस्थापकहरुमा नेपाल सरकारको प्रशासनिक उच्च तहको कार्यानुभव भएका तथा बैंकिङ्ग/वित्तीय क्षेत्र, उद्योग व्यवसाय, कृषि, पर्यटन, शैक्षिक क्षेत्र एवं व्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन :

क) यस विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै, सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक आन्तरिक तथा बाह्य वित्तीय साधन स्रोत जुटाई, देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तिय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई, गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी, संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

ङ) शेयर पूँजीको संरचना :

क) **अधिकृत पूँजी:** यस विकास बैंकको अधिकृत पूँजी रु.४,००,००,००,०००/–(अक्षरेपी चार अर्व) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ४,००,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) **जारी पूँजी:** यस विकास बैंकको जारी पूँजी रु.३,६७,७७,१२,१४८/–(अक्षरेपी तीन अर्व सत्सठ्ठी करोड सतहत्तर लाख बाह्र हजार एक सय अड्चालीस) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–का दरले ३,६७,७७,१२१.४८ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) **चुक्ता पूँजी**: हाल यस विकास बैंकको चुक्ता पूँजी रु.३,०६,४७,६०,१२३/–(अक्षरेपीतीन अर्व छ करोड सत्चालीस लाख साठी हजार एक सय तेइस) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/–अंकित मूल्यका ३,०६,४७,६०१.२३ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरण मार्फत् हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् विकास बैंकको चुक्ता पूँजी रु.३,६७,७७,१२,१४८/–(अक्षरेपी तीन अर्व सतसठ्ठी करोड सतहत्तर लाख बाह्र हजार एक सय अड्चालीस) हुनेछ ।

च) हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने यस विकास बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक	१,८७,५६,३३१.९५	५१%	१,८७,५६,३३,१९५ /-	शत प्रतिशत
ख	सर्वसाधारण (कर्मचारीहरु समेत)	१,८०,२०,७८९.५३	४९%	१,८०,२०,७८,९५३ /-	शत प्रतिशत
	जम्मा	३,६७,७७,१२१.४८	१००%	३,६७,७७,१२,१४८/-	

छ) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

विकास बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	प्रतिनिधित्व समूह	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री खिम प्रकाश मल्ल पुतलीबजार-१,स्याङजा	अध्यक्ष	४७	नेपाली	संस्थापक समूह	स्नातकोत्तर व्यवस्थापन	निर्माण व्यवसायमा आवद्ध भई करिव २२ वर्षको कार्य अनुभव । मुक्तिनाथ विकास बैंकमा पूर्व सञ्चालक सदस्य भई ७ बर्षको अनुभव ।
२.	श्री नारायण कुमार श्रेष्ठ बुढाथुम -८, धादिङ्ग	संचालक	४९	नेपाली	संस्थापक समूह	स्नातक व्यवस्थापन	१. साविक सिभिक डेभलपमेण्ट बैंक लि.मा ४ वर्ष अध्यक्ष भई काम गरेको अनुभव । २. यस विकास बैंककमा विगत ३ वर्ष देखी सञ्चालकको रुपमा कार्यरत । ३. मिडिया क्षेत्रको अनुभव ।
३.	गजेन्द्रमान श्रेष्ठ विदुर न.पा. ९, नुवाकोट	संचालक	४५	नेपाली	संस्थापक समूह	स्नातक व्यवस्थापन	१. साविक सिभिक डेभलपमेण्ट बैंक लि.मा ४ वर्ष सञ्चालक भई काम गरेको अनुभव । २. यस विकास बैंककमा विगत ३ वर्ष देखी सञ्चालकको रुपमा कार्यरत । ३. फार्मेसी क्षेत्रको लामो अनुभव ।
४.	श्री नारायण प्रसाद पौडेल आरुखर्क-६, स्याङजा	संचालक	६७	नेपाली	सर्वसाधारण समूह	प्रमाणपत्र तह मानविकी	अध्यक्ष–विगत १० वर्ष देखी मानव मिलन सस्था आरुखर्क स्याङ्गजा । पूर्व उपाअध्यक्ष–सामुदायिक विद्युत उपभोक्त राष्ट्रिय महासंघ । शिक्षा क्षेत्रमा २४ वर्षको अनुभव, हाल निबृत्त ।
५	चुडामणि कँडेल लेखानी ३, बाग्लुङ	संचालक	४५	नेपाली	सर्वसाधारण समूह	स्नातकोत्तर मानविकी (अंग्रेजी)	विगत १९ वर्ष देखि प्रध्यापनरत पिएचडी स्कोलर पुर्व सञ्चालक- गरिमा विकास बैंक लि.

नोट : हाल नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ संचालक १ (एक) नियुक्त हुन बाँकी रहेको छ ।

प्रमुख कार्यकारी अधिकृत सम्बन्धी विवरण :

नाम : श्री प्रद्युमन पोखरेल

ठेगाना : वीरगञ्ज महानगरपालिका वडा नं.-१० स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वार्ड नं.०२, कम्फर्ट हाउजिङ ।

योग्यता : एम.बि.ए. ।

अनुभव : – बैंक तथा वित्तीय संस्थामा विगत २८ बर्ष देखिको कार्य अनुभव ।
- हाल डेभलमेण्ट बैंकर्स एसोसिएशनको बरिष्ठ उपाध्यक्ष ।
- मुक्तिनाथ विकास बैंक : ०७३ मंसिर देखी ०७५ बैशाख सम्म नायव कार्यकारी अधिकृत पदमा रही कार्य गरेको अनुभव ।
- मेघा बैंक लि. : बिभिन्न विभागमा रही ६ वर्षको कार्य अनुभव ।
- नविल बैंक लि.: बिभिन्न विभागमा रही २० वर्षको कार्य अनुभव ।

ज) सञ्चालक समितिको बनौट :

यस विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ६ (छ) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :–

समूह "क" का संस्थापक शेयरधनीहरुका तर्फबाट नियुक्त हुने	३ जना
समूह "ख" का सर्वसाधारण शेयरधनीहरुले आफुमध्ये नियुक्त हुने	२ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक	१ जना
जम्मा	६ जना

झ) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :

यस विवरण मार्फत हाल कायम चुक्ता पूँजी रु.३,०६,४७,६०,१२३/–को दश शेयर बराबर दुई शेयर (१० :२) (अर्थात् विद्यमान १० कित्ता साधारण शेयर बराबर नयाँ २ कित्ता साधारण शेयर) को अनुपातमा साविकका शेयरधनीहरुको लागि रु.६१,२९,५२,०२५/–बराबरको प्रति शेयर रु.१००/– अंकित दरका ६१,२९,५२०.२५ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

ञ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दश शेयर बराबर दुईशेयर (१०: २) को अनुपातमा प्रति शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

ट) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

ठ) हकप्रद शेयर भए सो को अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने छैन । तर कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा नजिकको माथिल्लो शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई विकास बैकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

ड) संगठित संस्थाको विगतको तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पुंजी तथा दायित्व	वास्तविक (रु. हजारमा)			*आ.ब.०७५/०७६	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	चैत्र मसान्तसम्म	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
१. शेयर पूँजी	१,१२३,५००	१,९७७,७९८	३,०६४,७६०	३,०६४,७६०	३,६३१,०६०	५,०५९,४८४	६,०२९,८९६
२. जगेडा तथा कोषहरु	२२०,८०६	३१२,०११	४५०,०७४	१,०५२,१४९	६३२,४३५	८४४,०५०	१,११४,३४४
३. ऋणपत्र तथा वण्ड	–	–	–	–	–	–	५००,०००
४. तिर्न बाँकी कर्जा सापट	–	–	–	१,८२०,०००	–	–	–
५. निक्षेप दायित्व	११,२७६,६५३	१६,७७५,२२३	३०,३५४,८४५	४१,८०४,९६९	४२,०००,०००	५८,०००,०००	७७,०००,०००
६. भुक्तानी दिनु पर्ने बिलहरु	–	–	५,५११	–	७,२००	८,८००	९,२००
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	–	२२,७३५	२४,८९५	–	३०,५८३	४२,५१०	५०,५८७
८. आयकर दायित्व	–	–	–	२,५८,०३२	–	–	–
९. अन्य दायित्व	३१५,७९४	५०४,५७३	७४९,१७३	१,२२७,१७३	१,१६०,१८९	१,४५२,२०४	१,८०२,१४९
कुल पूंजी तथा दायित्व	१२,९३६,७५२	१९,५९२,३४०	३४,६४९,२४७	४९,२२७,०८४	४७,४६१,४६७	६५,४०७,०४८	८६,५०६,१७६

सम्पत्ति	वास्तविक (रु. हजारमा)			*आ.ब.०७५/०७६	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	चैत्र मसान्तसम्म	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
१.नगद मौज्दात	३५६,९१२	४६८,०२६	६९३,२१४	७९८,०७९	९००,०००	१,४५०,०२०	१,९२५,१००
२.नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	६९३,१४५	१,३४८,०७०	१,४३९,८०१	१,७४१,८८९	१,७६४,५००	२,४३६,८००	३,२३६,०००
३.बैक/बित्तीय संस्थामा रहेको मौज्दात	४८,३०७	९३,१५०	१०८,३२५	१३५,४०६	६०१,४२८	८७३,०६०	१,०१७,७२७
४.माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	१,५७१,३६६	१,८९४,८०९	६,०८४,२३५	५,८६०,८२२	२,६८९,२७२	२,७६८,९४३	३,४५६,७१५
५.लगानी	११४,९६०	१५६,८८८	६६०,९७३	३,०२१,८७८	३,३८७,०४८	५,७५५,०००	८,८०५,०००
६.कर्जा सापट तथा बिल खरिद	९,७९८,६१४	१५,१५९,३९५	२५,००३,०२८	३६,०६५,११२	३६,१२८,६५५	४९,४८३,२२०	६४,८०६,७००
७. स्थिर सम्पत्ति	२९९,६३७	३९३,२४९	४७३,५५०	७४९,७८०	१,०२९,१८६	१,३३६,८४९	१,४५०,०३४
८.गैर बैंकिङ्ग सम्पत्ति	–	–	–	–	–	–	–
९.अन्य सम्पत्ति	५३,८११	७८,७५३	१८६,१३१	८५४,११८	९६१,३७९	१,३०३,१५७	१,८०८,९००
कुल सम्पत्ति	१२,९३६,७५२	१९,५९२,३४०	३४,६४९,२४७	४९,२२७,०८४	४७,४६१,४६७	६५,४०७,०४८	८६,५०६,१७६

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			*आ.ब.०७५/०७६	प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	चैत्र मसान्तसम्म	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
१. ब्याज आम्दानी	१,१७४,७९६	१,८८१,९५३	३,१००,५४९	३,५४८,३०२	४,९३९,२४०	६,५२३,१०७	८,५११,३२२
२. ब्याज खर्च	४८३,९०५	८५०,१३८	१,८४२,४१०	२,२५७,०५५	३,११०,९४०	४,२२१,५८५	५,४८९,३०२
खुद ब्याज आम्दानी	**६९०,८९१**	**१,०३१,८१५**	**१,२५८,१३९**	**१,२९१,२४७**	**१,८२८,३००**	**२,३०१,५२२**	**३,०२२,०२०**
३.कमिशन तथा डिस्काउण्ट	२३,०९०	३९,९८५	६६,४३१	७७,६८७	९७,४५१	१२९,०००	१६८,०००
४.अन्य संचालन आम्दानी	१३९,५४७	१८१,४५३	३३९,७३६	३९७,८५८	४८९,२००	६६३,४५०	८३२,३९७
५.सटही घटबढ आम्दानी	–	–	२५४	१,१९०	३,०००	१०,०००	२२,५००
कुल संचालन आम्दानी	**८५३,५२७**	**१,२५३,२५३**	**१,६६४,५६०**	**१,७६७,९८२**	**२,४१७,९५१**	**३,१०३,९७२**	**४,०४४,९१७**
६.कर्मचारी खर्च	१५३,८३१	२५७,९०२	३४८,९६१	३८०,३१४	५८९,३११	६८६,३३३	९६०,८६६
७.अन्य संचालन खर्च	१३१,६३४	१९७,४१२	२८९,२३५	३०८,९१५	४८९,७५९	७१७,२७२	९४१,५३१
८.सटही घटबढ नोक्सान	–	–	–	–	–	–	–
सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा	**५६८,०६२**	**७९७,९३९**	**१,०२६,३६४**	**१,०७८,७५३**	**१,३३८,८८१**	**१,७००,३६७**	**२,१४२,५२०**
९.सम्भावित नोक्सानी	३९,४५४	६९,९३७	१३८,३७९	१४६,३०२	११९,७२९	१३५,४३५	१६६,५२०
संचालन मुनाफा/(नोक्सान)	**५२८,६०९**	**७२८,००२**	**८८७,९८५**	**९३२,४५१**	**१,२१९,१५२**	**१,५६४,९३२**	**१,९७६,०००**
१०.गैर संचालन आम्दानी/(नोक्सान)	२६,०५९	३२,८२०	१३,८९४	६,१७३	३५,०००	५०,०००	७०,०००
११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	१५,६६९	५,९९५	५,७९४	७,४९४	–	–	–
नियमित कारोवारबाट भएको मुनाफा	**५७०,३३७**	**७६६,८१७**	**९०७,६७३**	**९४६,११८**	**१,२१९,१५२**	**१,६१४,९३२**	**२,०४६,०००**
१२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	–	–	–	–	–	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	**५७०,३३७**	**७६६,८१७**	**९०७,६७३**	**९४६,११८**	**१,२५४,१५२**	**१,६१४,९३२**	**२,०४६,०००**
१३.कर्मचारी बोनस व्यवस्था	५१,८४९	६९,७११	८२,५१६	८६,०११	११४,०१४	१४६,८१२	१८६,०००
१४.आयकर ब्यबस्था	१५७,१२०	२१०,१७२	२४९,६२८	२५८,०३२	३४२,०४१	४४०,४३६	५५८,०००
यस वर्षको	१५४,४३४	२१३,२२२	२५८,३०४	२५८,०३२	३४२,०४१	४४०,४३६	५५८,०००
गत वर्षको	३,४२४	–	२,८९४	–	–	–	–
पर सारिएको आयकर आम्दानी/(खर्च)	(७३९)	(३,०४९)	(११,५७०)	–	–	–	–
खुद मुनाफा/(नोक्सान)	**३६१,३६९**	**४८६,९३४**	**५७५,५२९**	**६०२,०७५**	**७९८,०९७**	**१,०२७,६८४**	**१,३०२,०००**
शेयर संख्या (हजारमा)(प्रति शेयर आम्दानीका लागि)	८,३८४	१५,१५५	२५,११८	३०,६४८	३६,३११	४८,७५६	६०,२९९
प्रति शेयर आम्दानी (रु.)	**४३.१०**	**३२.०९**	**२२.२०**	**२६.१९**	**२१.९८**	**२१.०८**	**२१.५९**

नोट : आ.ब.०७५/०७६ को चैत्र मसान्त सम्मको वित्तीय विवरण लेखापरिक्षण हुन बाँकी तर ब्यबस्थापनबाट प्रमाणित वित्तीय विवरणहरु हुन ।

अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु. हजारमा)		
	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६	आ.ब. २०७६/०७७	आ.ब. २०७७/०७८
चुक्ता पुंजी	१,१२३,५००	१,९७७,७९८	३,०६४,७६०	३,६३१,०६०	५,०५९,४८४	६,०२९,८९६
जगेडा तथा कोषहरु	२२०,८०६	३१२,०११	४५०,०७४	६३२,४३५	८४४,०५०	१,११४,३४४
कुल	१,३४४,३०६	२,२८९,८०९	३,५१४,८३४	४,२६३,४९५	५,९०३,५३४	७,१४४,२४०
घटाउने : अपलेखन गर्न बाँकी खर्च	–	–	–	–	–	–
कुल नेटवर्थ	१,३४४,३०६	२,२८९,८०९	३,५१४,८३४	४,२६३,४९५	५,९०३,५३४	७,१४४,२४०
शेयर संख्या (हजारमा)	११,२३५	१९,७७८	३०,६४८	३६,३११	४८,७५६	६०,२९९
प्रति शेयर नेटवर्थ (रु.)	११९.६५	११५.७८	११४.६९	११७.४२	१२१.०८	११८.४८
प्रति शेयर चुक्ता पुंजी	१००/–	१००/–	१००/–	१००/–	१००/–	१००/–
नेटवर्थमा औसत प्रतिफल	२६.८८%	२१.२७%	१६.३७%	१८.७२%	१७.४१%	१८.२२%
निष्काशनपूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न वृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा				१६.८८%		

माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोबारहरुको आधारमा निष्काशनकर्ता विकास बैंकआफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको व्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा चार्टर्ड एकाउण्टेण्ट संस्था **एबिएस एण्ड एसोसिएट्स,** सानो गौचरन काठमाण्डौं रहेको छ ।

ढ) संगठित संस्थाले गर्ने भनिएको काममा नीहित संभावित आर्थिक जोखिमहरू :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरुको स्थापना मार्फत उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैकबाट हुन सक्ने अप्रत्याशित निति नियम परिवर्तनबाट विकास बैंकको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।
यस विकास बैंकको सञ्चालनको इतिहास करिव १३ (तेह्र) वर्षको रहेको छ । विकास बैंकको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानी आदिका लागि व्यवस्थापन चनाखो भइ सो हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

रु.१००/-प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

त) यस विकास बैंकको विगत तीन आर्थिक वर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रु.)	न्युनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या (रु.) हजारमा
०७२/०७३	१३४५	५५५	१३०७	५२५.४११
०७३/०७४	१०९२	९१५	९७१	६८६.६०
०७४/०७५	४६०	३५६	३७८	५४०.७७

पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :

महिना	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या (हजारमा)
२०७६ बैशाख	४००	३५८	३८४	३२३.८४१
२०७६ जेठ	३९४	३६९	३७३	१७५.३६८
२०७६ असार	३८३	३५७	३७०	१९२.६००

द्रष्टव्य : यस विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

थ) धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र विकास बैंकको संचालक समितिले हकप्रद शेयरको बाँडफाँट गरी अभौतिक (Demat) रुपमा शेयर सम्बन्धित शेयरधनीको खातामा जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

द) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण अनुसार साविक शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँड गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका,२०७४" मा भएको व्यवस्था अनुसार हकप्रद शेयर वितरण गरी धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्स्चेन्ज लिमिटेड तथा सिडिएसएण्ड क्लियरिङ्ग लि. मानिवेदन दिइनेछ ।

ध) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ) हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,

(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को **अनुसूची–११** ब्मोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने,

ध) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पूँजीकोषको अनुपात कायम गर्नको लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुरयाउने उद्देश्य अनुरुप मिति २०७५/८/२९ गते सम्पन्न बाह्रौबार्षिक साधारण सभाबाट दश शेयर बराबर दुई शेयर (१० : २) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) विकास बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि विकास बैंकको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र

५) विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि विकास बैंकको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

न) निष्काशनबाट प्राप्त कुल रकम सम्बनधमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजनासहितको विवरण

सि.नं.	उपयोग	रकम (रु.)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिव रु.१२,४०,००,०००/–
२.	कर्जा तथा लगानी प्रवाह	करिव रु.४१,८८,८६,०००/–
३.	शाखा विस्तार	करिव रु.४,३२,००,०००/–
४.	सरकारी ऋणपत्र	करिव रु.२,६८,६६,०२५/–
	जम्मा	**करिब रु.६१,२९,५२,०२५/–**

प) निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना :

यस हकप्रद शेयर निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री लुम्बिनी विकास बैंक लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौं ।	०३१००१२०००४१०२००००००२

फ) हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३ को नियम १८ को अधिनमा रही आवेदन खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला अवधि थप गर्न सकिनेछ ।

ब) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरूका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	भिबोर क्यापिटल लिमिटेड, ट्रेड टावर,थापाथली ।**
२.	मुक्तिनाथ विकास बैंक लमिटेडको रजिष्टर्ड (केन्द्रिय) कार्यालय वडा नं.२८, कमलादी, काठमाण्डौं तथा विकास बैंकको सम्पूर्ण कार्यालयहरु ।
३.	नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सिआस्वा (CASBA)प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ ।

उपरोक्त स्थानहरूको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरूले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अधिको मितिसम्ममा भिबोर क्यापीटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरकोदरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी भिबोर क्यापीटल लि., थापाथली, काठमाण्डौंमा पठाईएकोनिवेदनलाईमात्र बाँडफाँडमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाईबाँडफाँडमा समावेश गरिनेछैन ।हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी मुक्तिनाथ विकास बैंक लिमिटेडको वेवसाइट www.muktinathbank.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक भिबोर क्यापिटल लिमिटेडको वेवसाइट www.viborcapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी मुक्तिनाथ विकास बैंक लिमिटेडको वेवसाइट www.muktinathbank.com.np तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.viborcapital.com बाट हेर्न सकिनेछ ।

****चेकबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ ।**

फ) संचालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस बैंकको संचालक तथा आधारभूत शेयरनीले रु.८७,४६४,४९८/-रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउँदछौं ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक भिबोर क्यापिटल लिमिटेड, ट्रेड टावर,थापाथली काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति : २०७६/०५/१२ गते

निष्काशन बन्द हुने मिति (छिटोमा): २०७६/०६/१५ गते

(बैकिङ्ग समय पश्चात)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

VIBOR
भिबोर क्यापिटल लि.
VIBOR CAPITAL LTD.

भिबोर क्यापिटल लिमिटेड

ट्रेड टावर, थापाथली, काठमाण्डौ,
फोन नं. ०१ ५१११११५९, ०१ ५१११११७२
Website:www.viborcapital.com, E-mail: info@viborcapital.com

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र

VIBOR भिबोर क्यापिटल लिमिटेड
भिबोर क्यापिटल लि. VIBOR CAPITAL LTD.
ट्रेड टावर, थापाथली, काठमाण्डौ, फोन नं. ०१ ५१११११५९, ०१ ५१११११७२
Website:www.viborcapital.com, E-mail: info@viborcapital.com

विषयः मञ्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मैले/हामीले ....कित्ता हकप्रद साधारण शेयरको लागि आवेदन गरेकोमा शेयर बाँडफाँड पश्चात् बाँकी रहेको ....कित्ता शेयरको प्रति शेयर रु........................का दरले हुन आउने जम्मा रकम रु...............................(अक्षेरुपी रु. ....) श्री...हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं । निजलाई भुक्तानी दिनु भएमा पछि कुनै विरोध गर्ने छैन/छैनौं । गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ ।

भवदीय,

निवेदकको दस्तखतः.. मञ्जुरी पाउनेको दस्तखतः..

निवदेकको नामा र ठेगानाः.. मञ्जुरी पाउनेको नाम र ठेगानाः..

फोन/मोबाइल नं.:.. फोन/मोबाइल नं.:..

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार कम्पनी हुने छैन ।